ओमसतिया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

५ नं प्रदेश

हाटीफर्साटिकर, रुपन्देही

सप्लाई सम्बन्धि सूचना

सूचना नं ०६।०७४।०७५

**प्रथम पटक प्रकाशित मिति २०७४।११।०४**

यस कार्यालयबाट तपसिलमा उल्लेखित सामाग्रीहरु सप्लाई गराउनु पर्ने भएकोले इजाजत प्राप्त सप्लार्यस ब्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउ पत्र आव्हान गरिन्छ ।

शर्तहरु :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि.कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्धौं) दिनको कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउ पत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउ पत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (साह्रौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउ पत्र सोही दिनको १:०० बजे दरभाउ पत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउ पत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउ पत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउ पत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एनएमवि बैंक शाखा कार्यालय ठुटिपिपलको **धरौटी खाता-ग-३-०४००९१००५७७६४५००००४** मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको ( ***सप्लाइ कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको***) बिडबण्ड संलग्न हुनु पर्नेछ ।

४. दरभाउ पत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउ पत्र माथि कुनै कारवाही हुने छैन ।

५. दरभाउ पत्रको मान्य अवधि ( Bid Validity period) ९०(नब्बे) दिनको हुनेछ ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानीने छ ।

७. दरभाउ पत्रदाताले निर्माण स्थल र निर्माण सामग्रीको उपलब्धता समेत राम्ररी बुझी दरभाउ पत्र भरेको मानिने छ ।

८. दरभाउ पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

९. दरभाउ पत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

१०. प्राप्त सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

११. दरभाउ पत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१२. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| सि. नं | ठेक्का नं. | कार्यको विवरण | ल.ई रकम (भ्याट बाहेक) | दरभाउपत्र जमानत रु. | दरभाउ पत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७४/०७५ | एन.पी ३ क्लासको ह्युम पाईप सप्लाई गर्ने कार्य | १७१६२८२।६८ | ४८५००।०० | १०००।०० | दरभाउपत्र |
| २ | ०२ /०७४/०७५ | आर.सि.सि.विद्युत पोल सप्लाई गर्ने कार्य | १२८८३३९।९२ | ३६५००।०० | १०००।०० | दरभाउपत्र |
| ३ | ०३/०७४।०७५ | ह्याण्डपम्पको सामाग्री सप्लाई गर्ने कार्य | १७१४१८२।३० | ४८५००।०० | १०००।०० | दरभाउपत्र |

राजु नेपाल

प्रमुख प्रशासकिय अधिकृत